सर्केगाड गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन,

# आर्थिक ऐन,२०८३

**गाउँसभाबाट स्वीकृत मितिः २०८३/०३/१०**

## सर्केगाड गाउँपालिका

**सर्केगाड, हुम्ला**

**कर्णाली प्रदेश, नेपाल**

सर्केगाड गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाइ कार्यान्वयन गर्न बनेको ऐन,

**प्रस्तावना:**

सर्केगाड गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने , छुट दिने तथा संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम सर्केगाड गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:**(१) यस ऐनको नाम **"आर्थिक ऐन, २०८३"** रहेको छ ।

२. **भूमि कर(मालपोत):** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम भूमिकर (मालपोत) लगाइने छ र असूल उपर गरिने छ ।

३. **घर जग्गा बहाल कर:** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ती वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा अनुसूचि (२) बमोजिम घर बहाल कर लगाइने र असूल उपर गरिने छ ।

४. **व्यवसाय कर:** गाउँपालिका क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवामा पूजिगत लगानी र आर्थिक कारोवारमा आधारमा अनुसूचि (३) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिने छ ।

५. **विज्ञापन कर:** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसुचि (४) बमोजिम कर लगाइने छ तर त्यसको वाँडफाँड प्रदेश कानून बमोजिम हुनेछ ।

६. **सवारी साधन कर:** गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने रिक्सा अटोरिक्सा तथा ठेलामा अनुसूचि (५) बमोजिम कर लगाइने छ ।

७. **बहाल विटौरी कर:** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेका अनुसूचि (६) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार बहाद बिटौरी शुल्क लगाइने तथा असूल उपर गरिने छ ।

८. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाइ पार्किङ सुविधा उपलब्ध गराए बापत अनुसूचि (७) बमोजिम पार्किङ शुल्क लगाइने र उसूल उपर गरिने छ।

९. **सेवा शुल्क दस्तुरः** गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूचि (८) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए बमोजिम शुल्क लगाइने तथा असूल उपर गरिने छ।

१०. **एकिकृत सम्पति करः** एकिकृत सम्पती कर विस्तृत अध्ययन गरे पश्चात मात्र लगाइने र असूल उपर गरिने छ। एकिकृत सम्पति कर लगाएपछि मालपोत कर र घर कर लगाइने छैन।

११. **निकासी करः** कानून बमोजिम ओसारपोसार गर्न छुट भएका जीवजन्तुहरु र अन्य पदार्थको ओसारपोसारमा अध्ययन पश्चात अनुसूचि (९) बमोजिम कर लगाइने तथा असूल उपर गरिने छ।

१२. **अन्य करः** माथि उल्लेखित करका अतिरिक्त अन्य करहरु अनुसूचि (१०) बमोजिम लगाइने र असूलउपर गरिने छ।

१३. **प्रदेश कानून बमोजिम हुनेः** घरजग्गा रजिष्ट्रेशन शुल्क,सवारी साधन कर र प्राकृतिक स्रोत शुल्क प्रदेश कानून बमोजिम लगाइने ,असूल उपर गरिने र बाँडफाँड हुनेछ।

१४. **दर घटाउन, बढाउन वा छुट दिन सकिनेः**(१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि गाउँ कार्यपालिकाले आवश्यकता अनुसार यस ऐनबमोजिम लगाइएका शुल्क र करको दर घटाउन, बढाउन वा आंशिक रुपमा छुट दिन सक्नेछ। त्यस्तो दर घटाइएको, बढाइएको वा छुट दिइएको सूचना स्थानीय राजपत्रमा प्रकाशित गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम दर घटाइएको, बढाइएको वा छुट दिइएको सूचनाको विवरण प्रत्येक वर्ष गाउँ कार्यपालिकाले गाउँसभामा पेश गर्नुपर्नेछ।

**१५. कर तथा शुल्क संकलन गर्ने विधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ।

**अनुसूचि १**

(दफा २ सँग सम्बन्धित)

**भूमि कर/मालपोत**

| **क्र.सं.** | **कर/शुल्क** | **विवरण** | **दर** |
|---|---|---|---|
| १ | मालपोत/भुमि कर (प्रति १०० वर्गमिटर) | पाखो | ७ |
| | | खेत | १० |
| | नोटः प्रत्येक वर्ष मालपोत नबुझाएमा १ वर्ष सम्म नबुझाएमा जम्मा कर रकममा २५ प्रतिशत र ५ वर्षभन्दा बढी नबुझाएमा ५० प्रतिशत र १० वर्ष वा सो भन्दा बढी अवधिसम्म नबुझाएमा १०० प्रतिशत थप जरीवाना लाग्नेछ र जरिवाना चालु आ.व.को करको दरमा नै कायम हुनेछ। | | |

**अनुसूचि २**

(दफा ३ सँग सम्बन्धित)

**घरजग्गा बहाल कर**

| **क्र.सं.** | **कर/शुल्क** | **विवरण** | **दर** |
|---|---|---|---|
| १ | घरजग्गा बहाल कर | घर कोठा वा जग्गा भाडाको | १०% (प्रचलित नियमानुसार) |

**अनुसूचि ३**

**(दफा ४ सँग सम्बन्धित)**

**व्यवसाय कर**

| **क्र.सं.** | **कर/शुल्क** | **विवरण** | **दर** |
|---|---|---|---|
| | | वितरक | २००० |
| | | थोक | २००० |

| | | | |
|---|---|---|---|
| १ | मदिरा पसल | खुद्रा | १५०० |
| २ | चुरोट-विँडी सुर्तीजन्य | वितरक | १५०० |
| | | थोक | १२०० |
| | | खुद्रा | १००० |
| ३ | हल्का पेय पदार्थ | वितरक | १५०० |
| | | थोक | १२०० |
| | | खुद्रा | १००० |
| ४ | सूनचाँदी पसल | खुद्रा पसल र मर्मत | १५०० |
| ५ | औषधी पसल | थोक | १२०० |
| | | खुद्रा डाक्टर सहितको सेवा | १००० |
| | | खुद्रा औषधी विक्रीमात्र | ५०० |
| ६ | माछामासु बिक्री पसल | | १५०० |
| ७ | आयुर्वेदिक औषधी पसल | | ५०० |
| ८ | एग्रोभेट सेन्टर | | १००० |
| ९ | स्टेशनरी तथा खुद्रा पसल | | १२०० |
| १० | छपाइ तथा प्रकाशन | | १००० |
| ११ | कस्मेटिक पसल | | १००० |
| १२ | मोटर पार्टस | | २५०० |
| १३ | प्लाइ तथा सिसा | | १५०० |
| १४ | कपडा/फेन्सी/जुत्ताचप्पल पसल | | १५०० |
| १५ | टाँक धागो पसल | | ५०० |
| १६ | इलेक्ट्रोनिक पसल | | २००० |
| १७ | हार्डवेयर पसल | | ३५०० |
| १८ | पेट्रोलियम पदार्थ | | ३००० |
| १९ | स्टिल आल्मुनियम पसल | | १५०० |
| २० | फर्निचर | | ३००० |
| २१ | सिलाइ कटाइ | | ५०० |
| २२ | पशु आहार बिक्री केन्द्र | | निःशुल्क |
| २३ | किराना पसल | | १२०० |
| २४ | फलफूल/तरकारी पसल | | ५०० |
| २५ | भाँडा पसल | | १५०० |
| २६ | विशेषज्ञ परामर्श सेवा तथा अन्य व्यवसायी सेवा(चिकित्सक, कन्सल्टेन्ट, कानून व्यवसायी, | | ३००० |

| | | | |
|---|---|---|---|
| | लेखापरीक्षण व्यवसायी, परामर्शदाता,पशु चिकित्सक) | | |
| २७ | ढुवानी तथा ट्रान्सपोर्ट सेवा | | २५०० |
| २८ | पेन्टर/ साइनबोर्ड लेखन | | १००० |
| २९ | खोटो व्यवसाय | | १००० |
| ३० | यस व्यवसायको वर्गिकरणमा नपरेका अन्य व्यवसाय | | १००० |
| ३१ | ग्रिल उद्योग | | २००० |
| ३२ | घरेलु उद्योग | | १५०० |
| ३३ | गार्मेन्ट उद्योग | | १५०० |
| ३४ | उपभोग्य वस्तुको उत्पादन | | ५०० |
| ३५ | होटल तथा रेष्टुरेन्ट | | १५०० |
| ३६ | एफ.एम. सञ्चालन | | २५०० |
| ३७ | पत्रपत्रिका | | १००० |
| ३८ | फोटोकपि फोटो स्टुडियो  साइवर सेवा | | १००० |
| ३९ | वित्तिय सेवाप्रदायक सेवा | | २५०० |
| ४० | स्वास्थ्य सेवा (ल्याव, चस्मा पसल, निजी अस्पताल) | | १००० |
| ४१ | शिक्षा सेवा निजी | | २५०० |
| ४२ | ड्राइ क्लिन व्युटी पार्लर सैलुन | | १००० |
| | **व्यवसाय कर तिरेपछि नविकरण भएको मानिने छ ।** | | |

## अनुसूचि ४

**(दफा ५ सँग सम्बन्धित)**

**विज्ञापन कर**

| क्र.सं. | कर/शुल्क | विवरण | दर |
|---|---|---|---|
| १ | विज्ञापन कर सार्वजनिक स्थानमा विज्ञापन वा साइनबोर्ड राखेवापत प्रति क्वायर वर्ग फुट | यस कर बापतको रकम संघिय र प्रदेश कानून बमोजिम बाँडफाँड हुने | ५०० |
| | | | |

**अनुसूचि ५**

**(दफा ६ सँग सम्बन्धित)**

**सवारी साधन कर**

| **क्र.सं.** | **कर/शुल्क** | **विवरण** | **दर** |
|---|---|---|---|
| १ | अटो रिक्सा | दर्ता | २५०० |
| | | नवीकरण कर | १००० |

**अनुसूचि ६**

**(दफा ७ सँग सम्बन्धित)**

**बहाल विटौरी कर**

| **क्र.सं.** | **कर/शुल्क** | **विवरण** | **दर** |
|---|---|---|---|
| १ | बहाल विटौरी कर | घर/टहरा | १००० |
| | | खाली जग्गा | १००० |

**अनुसूचि ७**

**(दफा ८ सँग सम्बन्धित)**

**पार्कीङ शुल्क**

| **क्र.सं.** | **कर/शुल्क** | **विवरण** | **दर** |
|---|---|---|---|
| १ | पार्किङ शुल्क पार्किङ क्षेत्र बनेपछि | बस ट्रक हेभि गाडी ट्रयाक्टर जिप | ५० |
| | | मोटरसाइकल रिक्सा | २० |
| | | | |

**अनुसूचि ८**

(दफा ९ सँग सम्बन्धित)

**सेवा शुल्क/दस्तुर**

| **क्र.सं.** | **कर/शुल्क** | **विवरण** | **दर** |
|---|---|---|---|
| १ | घरजग्गा नामसारी सिफारिस | | १००० |
| २ | घर कायम सीफारिस | | १००० |
| ३ | सर्जमिन सिफारिस | | ५०० |
| ४ | छात्रवृत्ति सिफारिस | | २५० |

| | | | |
|---|---|---|---|
| ५ | विपन्न/असहाय विद्यार्थि छात्रवृत्ति सिफारिस | | निशुल्क |
| ६ | अपाङ्गता सीफारिस | | निशुल्क |
| ७ | अस्थायी बसोबास सीफारिस | | २५० |
| ८ | स्थायी बसोबास सीफारिस | | २५० |
| ९ | नागरिकता सीफारिस | | २५० |
| १० | नागरिकता प्रतिलिपि सिफारिस | | ५०० |
| ११ | विद्युत जडान सीफारिस | | १००० |
| १२ | धारा जडान सीफारिस | | १००० |
| १३ | जीवित रहेको सीफारिस | | ५०० |
| १४ | दुबै नाम एकै हो/ जन्ममिति संशोधन सीफारिस | | ५०० |
| १५ | व्यवसाय बन्द सीफारिस | | १५०० |
| १६ | व्यवसाय सञ्चालन नभएको सीफारिस | | १५०० |
| १७ | व्यापार व्यवसाय नभएको सीफारिस | | १००० |
| १८ | कोर्ट फि मिनाहा सीफारिस | | २५० |
| १९ | योजना सीफारिस (सम्झौता समयमा) | ठेक्काको हकमा सम्झौता रकम अनुसार हुने | विनियोजित बजेटको ०.५% |
| २० | नाबालक परिचयपत्र सिफारिस | | २५० |
| २१ | व्यवसाय सञ्चालन सीफारिस | | १५०० |
| २२ | उद्योग ठाउँसारी सिफारिस | | २००० |
| २३ | विद्यालय ठाउँसारी सिफारिस | | २००० |
| | **शिक्षा शाखाबाट संकलन गरिने राजश्व** | | |
| | तलब प्रमाणित | | २५० |
| | कक्षा थप सिफारिस | | ३००० |
| | सामान्य सिफारिस | | १०० |
| | विद्यालय सञ्चालन स्वीकृति सिफारिस | | २००० |
| | करार सेवा नवीकरण शुल्क | मा.वि. तह | २००० |
| | करार सेवा नवीकरण शुल्क | नि.मा.वि. तह | १५०० |
| | करार सेवा नवीकरण शुल्क | प्रा.वि. तह | १००० |
| २४ | करार सेवा नवीकरण शुल्क | इसिडि, विद्यालय कर्मचारी | ५०० |

| | | | |
|---|---|---|---|
| २५ | व्यक्तिगत विवरण सीफारिस | | ५०० |
| २६ | जग्गा दर्ता सीफारिस | | ५०० |
| २७ | संरक्षक सीफारिस | | २५० |
| २८ | नेपाल सरकारको नाममा बाटो कायम सीफारिस | | ५०० |
| २९ | बन्द घर तथा कोठा खोल्न रोहवरमा बस्ने सीफारिस | | २५० |
| ३० | स्वास्थ्य उपचारको सीफारिस | | निःशुल्क |
| ३१ | संघ संस्था दर्ता/समुह दर्ता /सिफारिस | | २५०० |
| ३२ | परिक्षा शुल्क | श्रेणीविहिन | ५०० |
| | | सहायकस्तर चौथो तह | ८०० |
| | | सहायकस्तर पाँचौ तह | १००० |
| | | अधिकृतस्तर छैठौ तह | १५०० |
| ३३ | जिवितसँगको नाता प्रमाणित | नेपाली | ५०० |
| | | अंग्रेजी | १००० |
| ३४ | मृतकसँगको नाता प्रमाणित | नेपाली | ५०० |
| | | अंग्रजी | १००० |
| ३६ | आर्थिक अवस्था सम्पन्न भएको सिफारिस | | १००० |
| ३७ | आर्थिक अवस्था विपन्न भएको सिफारिस | | निःशुल्क |
| ३८ | जग्गामुल्याङ्कन /आम्दानी प्रमाणित /सिफारिस | | १००० |
| ३९ | चार किल्ला प्रमाणित | | ५०० |
| ४० | जन्म मिति प्रमाणित | | ५०० |
| ४१ | घर बाटो प्रमाणित | | ५०० |
| ४२ | विवाह/अविवाहित प्रमाणीत | | ५०० |
| ४३ | घर पाताल प्रमाणित | | ५०० |
| ४४ | कागज/ मञ्जुरीनामा प्रमाणित | | ५०० |
| ४५ | हकवाला प्रमाणित | | ५०० |
| ४६ | शैक्षिकप्रमाणपत्र/चारीत्रिक अवस्था प्रमाणित | | ५०० |
| ४७ | अपुताली सिफारिस | | ५०० |
| ४८ | तमसुक प्रमाणित | | ५०० |

| | | | |
|---|---|---|---|
| ४९ | परिक्षा आवेदन शुल्क (शिक्षक) | प्राथमिक तह | ५०० |
| | | निम्न माध्यमिक तह | ७०० |
| | | माध्यमिक तह | १००० |
| ५० | अन्य सीफारिस | | ५०० |
| ५१ | निवेदन फारम दस्तुर जुनसुकै | | ५० |
| ५२ | पञ्जीकरण दस्तुर (३५ दिन भित्र भए निशुल्क) | | २५० |
| ५३ | व्यक्तिगत घटना दर्ता प्रतिलिपि | | ५०० |
| ५४ | व्यक्तिगत घटना दर्ता प्रमाणपत्रको नामथर मिति संशोधन | | ७०० |
| ५५ | शैक्षिक प्रमाणपत्रमा नामथर मिति फरक परेको संशोधन | | ७०० |
| ५६ | ब्रेकर एक्साभेटर दर्ता | | १०००० |
| ५७ | ब्याकु लोडर दर्ता | | १०००० |
| ५८ | उजुरी दर्ता | | १० |
| ५९ | सहकारी संस्था दर्ता सीफारिस/दर्ता | आन्तरिक सिफारिस | २००० |
| | | बाह्य सिफारिस | २५०० |
| | | गाउँपालिकामा दर्ता | ५००० |
| ६० | ‘‘घ’’ वर्गको इजाजत पत्र दर्ता दस्तुर | | १५००० |
| ६१ | 'घ' वर्गको इजाजत-पत्रको प्रतिलिपि | प्रमाण-पत्रको प्रतिलिपि | १००० |
| ६२ | 'घ' वर्गको इजाजत पत्र नविकरण | नवीखरण अवधि अनुसार थप हुने | ५००० |
| | | नवीकरण थप दस्तुर | |
| ६३ | गैरसरकारी संस्थाहरु इजाजत शुल्क | | २५०० |
| ६४ | स्थानीय राजपत्र विक्री शुल्क | तोकिए बमोजिम | |
| ६५ | अन्य अनुमति पत्र तथा सिफारिस | | १००० |
| ६६ | उपभोक्ता समिति दर्ता सिफारिस | | १००० |
| ६७ | उपभोक्ता समिति दर्ता नवीकरण सिफारिस | | १००० |
| ६८ | खानेपानी मुहान दर्ता सिफारिस | | १००० |
| ६९ | करार सेवा नवीकरण शुल्क निजामती | श्रेणीबिहीन | ५०० |
| | | सहायकस्तर चौथो | १००० |
| | | सहायकस्तर पाँचौं | १५०० |
| | | अधिकृतस्तर | २००० |

| | | | |
|---|---|---|---|
| ७० | कृषि समूह/फर्म दर्ता तथा नवीकरण | | ५०० |

## अनुसूचि ९

(दफा ११ सँग सम्बन्धित)

**निकासी कर शुल्क**

| क्र.सं. | जडिबुटी | आन्तरिक उत्पादन रु. प्रतिकेजि | बाह्य निकासी | कैफियत |
|---|---|---|---|---|
| १ | कटुकी | १५ | १५ | |
| २ | अत्तीस | २० | २० | |
| ३ | जटामसी | १० | १० | |
| ४ | चिराइतो | १५ | २ | |
| ५ | काला दाना | ५ | २ | |
| ६ | भुतकेश | ५ | २ | |
| ७ | गुच्ची च्याउ | ५०० | ५० | |
| ८ | सिलाजित | १५ | २ | |
| ९ | काकडसिलो | २० | २ | |
| १० | भोजपत्र | १० | २ | |
| ११ | सुगन्धवाल | १० | २ | |
| १२ | सुनपाते | १० | २ | |
| १३ | बिसजरा | १५ | २ | |
| १४ | पोडे (वनलसुन) | ४५० | ५० | |
| १५ | यार्सागुम्वा | १५०० | २०० | |
| १६ | पदमचाल | ५ | २ | |
| १७ | घोडामर्चा | ३० | २ | |
| १८ | सतुवा | १० | २ | |
| १९ | डालेचुक | १० | २ | |
| २० | धुपजडी | १५ | २ | |
| २१ | लौठसल्ला | २०० | २ | |
| २२ | रातो च्याउ | १०० | २ | |
| २३ | काठको फुरु | ५ | २ | |
| २४ | सेतक चिनी | २ | २ | |
| २५ | कवाड सामग्री निकासी | प्रति के.जी. | ३ | |

# अनुसूची १०

(दफा १२ सँग सम्बन्धित)

**अन्य कर/शुल्क**

**१. पर्यटन सम्बन्धीशुल्कः**

स्थानीय सरकार सञ्चालन ऐनले दिएको कर अधिकार क्षेत्रभित्र रहि अध्ययन पश्चात अन्य कर लगाउन सकिनेछ।

**२. एक वडाबाट अर्को वडाको चरन क्षेत्रमा पशु चौपाया चराउदा लाग्ने शुल्क (प्रति सिजन)**

| | |
|---|---|
| प्रति भेडा/बाख्रा | रु. १० |
| प्रति जुमा/गाई/गोरु/भैसी/घोडा/खच्चर/गधा तथा अन्य | रु. ५० |